२०८१ असार ५ गते तदनुसार June 19, 2024 बुधबार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. कार्यविधि पारित सम्बन्धमा ।

२. वडागत बजेट सिलिङ निर्धारण सम्बन्धमा ।

३. कार्यपालिका निर्णयको पूरक निर्णय सम्बन्धमा ।

४. राहत तथा आर्थिक सहयोग सम्बन्धमा ।

CamScanner

## बैठकका निर्णयहरु:

निर्णय नं.१: मानेभन्ज्याङ गाउँपालिकाको खानेपानी मुहान संरक्षण कोषको स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ पारित गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.२: आगामी आवको लागि संघीय तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण बजेट अनुसार आगामी आवको लागि सबै वडाहरुलाई कुल जम्मा २ करोड ९७ लाख बजेट सिलिङ कायम गरी गत आवकै सूचकको आधारमा न्यूनतम २५ लाख सबै वडाहरुलाई बराबरी हुने र बाँकी ७२ लाखलाई भौगोलिक क्षेत्रफल, पूर्वाधार विकास, राजस्व संकलन र जनसंख्यालाई सूचक मानी तल उल्लेखित सूत्र अनुसार वितरण गर्ने निर्णय गरियो ।

| Wards | Population | | | | Area of Ward | | Infra-structure | | Revenue | | Total Weigtage | Total Budget | Ward-Wise Budget | Ward-Wise Budget in Whole - Number | Minimum Ward-wise Budget | Final Ward-wisw Budget |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | M | F | Total | Weightage | Area of Ward | Weightage | Infra-structure | Wightage | Revenew | Weitage | | | | | | |
| 1 | 782 | 858 | 1640 | 14% | 7 | 17% | 7 | 22% | 127768 | 22% | 74% | 7200000 | 850160 | 850000 | 2500000 | 3350000 |
| 2 | 948 | 1086 | 2034 | 17% | 4 | 19% | 6 | 21% | 47431.86 | 8% | 65% | 7200000 | 742248 | 745000 | 2500000 | 3245000 |
| 3 | 1239 | 1410 | 2649 | 22% | 1 | 25% | 2 | 23% | 146409.89 | 25% | 95% | 7200000 | 1084983 | 1085000 | 2500000 | 3585000 |
| 4 | 1385 | 1434 | 2819 | 23% | 3 | 21% | 4 | 19% | 97940 | 17% | 80% | 7200000 | 915184 | 915000 | 2500000 | 3415000 |
| 5 | 1469 | 1543 | 3012 | 25% | 5 | 19% | 9 | 18% | 113947.24 | 19% | 81% | 7200000 | 930435 | 930000 | 2500000 | 3430000 |
| 6 | 1321 | 1393 | 2714 | 23% | 6 | 19% | 5 | 18% | 47005 | 8% | 68% | 7200000 | 771617 | 770000 | 2500000 | 3270000 |
| 7 | 846 | 844 | 1690 | 14% | 8 | 11% | 3 | 18% | 60725 | 10% | 53% | 7200000 | 609914 | 610000 | 2500000 | 3110000 |
| 8 | 466 | 553 | 1019 | 8% | 9 | 9% | 1 | 25% | 28529.63 | 5% | 47% | 7200000 | 540616 | 540000 | 2500000 | 3040000 |
| 9 | 924 | 1096 | 2020 | 17% | 2 | 21% | 9 | 22% | 37000.8 | 6% | 66% | 7200000 | 754843 | 755000 | 2500000 | 3255000 |
| Total | 9380 | 10217 | 19597 | | | | | | 706757.42 | | | | 7200000 | 7200000 | 22500000 | 29700000 |

निर्णय नं. ३: मिति २०८० माघ १७ मा नेपाल सरकार बैकल्पिक उर्जा कार्यक्रम मार्फत नवीकरणीय उर्जा प्रवर्धन तथा विकासका लागि विभिन्न शीर्षकमा विनियोजित बजेट रु.८,०००००/- उर्जा विकास समितिको निर्णय बमोजिक कार्यपालिका बैठकले नवीकरणीय उर्जा विकास र प्रवर्धनका लागि उद्यमी निर्माण तथा व्यवसाय प्रवर्धनको लागि रु.१५० हजार छुटाएकोमा मिति २०८१ साल असार २ गतेको कार्यपालिका बैठकले मानेभन्ज्याङ गाउँपालिकाको वडा नं. ४ को केत्तुके वजार, वडा नं. ५ को मानेभन्ज्याङ वजार र वडा न. ६ को जयराम वजार र मितेरी भन्ज्याङमा जडान गरिएको सडक वत्तिको मिटर नेपाल विद्युत प्राधिकरण

ओखलढुङ्गासँग जडानको लागि अनुरोध गर्ने र सो जडान र मासिक महशुल गाउँपालिकाको वैकल्पिक उर्जा कार्यक्रम सडक बत्ति जडान शीर्षक अन्तरगत विनियोजित बजेटबाट भुक्तानी गर्ने निर्णय गरेकोमा उक्त शीर्षकबाट लिब्जु पर्यटकीय स्थल र लेखटार पार्कको लागि विद्युत तार बिस्तार र ट्रान्सफर्मर जडान र ढुवानी खर्च समेत भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.-४: क) यस मानेभन्ज्याङ गाउँपालिका वडा नं. ७ टोक्सेल निवासी राम बहादुर भुजेलको छोरा राहुल भुजेल देशका सबै जिल्ला समावेश हुने गरी विभिन्न चरणका छनौट प्रक्रिया मार्फत International Mathmatics Olympiad (IMO)-2024 मा सहभागी हुन सर्वोत्कृष्ट ६ विद्यार्थीमा पर्न सफल भएको र यस प्रतियोगितामा भाग लिन यस वर्ष बेलायतको बाथ सहरमा पुग्नु पर्ने हुँदा हवाई टिकट, भिसा शुल्क, बिमा शुल्क लगायत अन्य खर्चको लागि यस गाउँपालिकामा आर्थिक सहयोग माग भइ निवेदन पेश हुन आएकोले आजको कार्यपालिका बैठकमा छलफल गरी निजको आर्थिक अवस्था पनि कमजोर रहेको हुँदा अन्य सामाजिक सहायता शीर्षकबाट रु. २५,०००/- अक्षरुपी पच्चिस हजार प्रोत्साहन स्वरुप आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो । साथै निज व्यक्तिले बेलायतबाट नेपाल फर्किएपछि यस गाउँपालिकाको ८ वटा माध्यमिक विद्यालयहरुमा म्याथम्याटिक्स सम्बन्धी प्रदर्शनी गर्नु पर्ने ।

ख) यस मानेभन्ज्याङ गाउँपालिका वडा नं. ८ निवासी रिङ्ग बहादुर मगरको पत्नी बुद्धी माया मगरको मुटु सम्बन्धी रोग भएकोले आर्थिक अवस्था कमजोर भई उपचारमा समस्या पर्न गएकोले आर्थिक सहायता उपलब्ध गराइदिन हुन भनी निवेदन पेश हुन आएकोले आजको कार्यपालिका बैठकबाट रु.१५,०००/- अक्षरुपी पन्ध्र हजार मात्र अन्य सामाजिक सहायता शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

ग) यस मानेभन्ज्याङ गाउँपालिका वडा नं. २ वाक्सा निवासी तुलजित राईको छोरी सम्झना राईको मिति २०८०/११/१० मा काठमाडौंमा सडक दुर्घटनामा परी मृत्यु भएकोले र आर्थिक अवस्था कमजोर भएकोले निजलाई अन्य सामाजिक सहायता शीर्षकबाट आर्थिक सहयोग स्वरुप रु.१५,०००/- अक्षरुपी पन्ध्र हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

घ) यस मानेभन्ज्याङ गाउँपालिका वडा नं. ६ थाक्ले निबासी गम्बे सार्कीको श्रीमती फुलमाया सार्की विगत लामो समयदेखी बिरामी भइ घरमै थलिएर बसीरहेको र अस्पतालसम्म पुग्न खर्च नभएको हुनाले निजलाई आर्थिक सहयोग माग भइ आएकोले निजलाई आर्थिक सहायता स्वरुप अन्य सामाजिक सहायता शीर्षकबाट रु.१५,०००/- अक्षरुपी पन्ध्र हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

ङ) यस मानेभन्ज्याङ गाउँपालिका वडा नं. ६ थाक्ले निबासी ओम प्रसाद दाहालको बुहारी भानुभक्त दाहालको श्रीमती पुजा पौड्याल (दाहाल) बिरामी भइ अस्पतालमा उपचार गराईरहेको साथै निजको आर्थिक अवस्था कमजोर रहेकोले निजलाई आर्थिक सहायता स्वरुप अन्य सामाजिक सहायता शीर्षकबाट रु.१०,०००/- अक्षरुपी दश हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

च) यस मानेभञ्ज्याङ गाउँपालिका वडा नं. ४ मा प्रत्येक वर्ष बुद्ध जयन्तीको अवसरमा लाग्ने मेलामा दुन्दु मेला कार्यक्रम २०८१ गरे बापत उक्त मेलाको कार्यक्रमको आयोजक समितिलाई अन्य सामाजिक सहायता शीर्षकबाट रु.५०,०००/- अक्षरुपी पचास हजार मात्र सम्झौता गरी उपलब्ध गराउने निर्णय गरियो ।

छ) यस कार्यालयमा कार्यरत कर्मचारीहरुको कम्प्युटर सम्बन्धी आधारभूत सफ्टवेयर तथा हार्डवेयर सम्बन्धी तालिम श्री ज्यापलिन प्रा.लि.ले २०८० चैत्र १२ देखी सञ्चालन भएको ३ दिने उक्त तालिम बापतको खर्च चालु आवको कर्मचारी तालिम बजेट शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

CamScanner